# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गजुरी, धादिङको सुपरिवेक्षक तथा गणक छनौट सम्बन्धी सूचना

गजुरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गजुरी, धादिङ ३ नं. प्रदेश नेपाल

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७६।०९।०७**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, काठमाडौको पत्रबमोजिम चालु आर्थिक वर्षमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गर्न गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम यस गजुरी गाउँपालिका, धादिङको लागि देहायको पदमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित निवदेन पेश गर्नुहुन गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७६।०९।०६ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**१. पद :**

क) गणक : ५ जना

ख) सुपरीवेक्षक : १ जना

**२. शैक्षिक योग्यता**

क) सुपरीवेक्षकका लागि शैक्षिक योग्यता :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
- १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।
- सम्बन्धित स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिइने छ ।

ख) गणकका लागि आवश्यक न्यूनतम योग्यता

- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
- १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।
- सम्बन्धित स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिइने छ ।

**३) पदावधि**

- गणक तथा सुपरिवेक्षको पदावधि निजहरु नियुक्ति भएको मितिले ५ (पाँच) महिनासम्म कायम रहनेछ र निजले उक्त अवधिमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिमको कार्य अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ ।

**४) सेवा सुविधा :**

- सुपरिवेक्षक पदको लागि निजामति सेवाको राजपत्र अनंकित प्रथम श्रेणीको शुरु तलब स्केल र गणक पदको लागी राजपत्र अनंकित द्धितीय श्रेणीको शुरु स्केल बराबरको पारिश्रमिक दिइनेछ ।

**५) परिक्षाको किसिम :**

- अन्तर्वार्ता

**६) अन्तर्वार्ता मिति :**

- दरखास्त फाराम उपलब्ध गराउने समयमा जानकारी गराईन्छ ।

**६) कार्यगर्ने क्षेत्र :**

- गजुरी गाउँपालिकाको सम्पुर्ण वडाहरुमा गई तथ्यांक संकलन गर्नुपर्ने ।

**नोट : यस कार्यालयमा रु. ३००। नगदै तिरेको रसिद संलग्न राखी आफै कार्यालयमा पुगी दरखास्त पेश गर्नुपर्नेछ ।**